# द टिम्बर कर्पोरेसन अफ नेपाल लि.बाट काठमाडौं उपत्यकामा भूकम्प पिडितहरुलाई घर निर्माणको लागि चिरान काठ बितरण सम्बन्धि जानकारी

नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७२।१०।२१ मा स्वीकृत भूकम्प पिडितहरुको लागि काठ उत्पादन, आपूर्ति र व्यवस्थापन निर्देशिका, २०७२ को परिच्छेद ५ को दफा ११ अनुसार भुकम्प प्रभाबित जिल्लाहरुमा काठ सहज रुपमा उपलब्ध गराइ बिक्री बितरण प्रक्रियालाई सहजिकरण तथा ब्यबस्थापन गर्न सम्बन्धित जिल्लामा देहाय बमोजिमको एक काठ ब्यबस्थापन समिति रहने ब्यबस्था छ ।

| | |
|---|---|
| १) प्रमुख जिल्ला अधिकारी (जिल्ला दैवीप्रकोप उद्धार समितिको अध्यक्ष) | संयोजक |
| २) स्थानिय विकास अधिकारी | सदस्य |
| ३) जिल्ला वन अधिकृत | सदस्य |
| ४) जिल्ला प्रहरी कार्यलयको प्रमुख | सदस्य |
| ५) सामुदायिक वन उपभोक्ता महासंघ नेपालको सम्बन्धित जिल्ला महासंघ प्रतिनिधि | सदस्य |
| ६) द टिम्बर कर्पोरेसन अफ नेपालको अधिकृत प्रतिनिधि | सदस्य |
| ७) जिल्ला वन अधिकृतले तोकेको सहायक वन अधिकृत | सदस्य सचिव |

यस समितिले सम्बन्धित जिल्लाका भुकम्प पिडित परिवारहरुलाई आबश्यक पर्ने काठको लगत तयार गरि वन बिभागसंग काठ उपलब्ध गराउन अनुरोध गर्दछ । बिभागले समितिको अनुरोधको आधारमा टिम्बर कर्पोरेसन अफ नेपाल वा जिल्ला वन पैदावर आपुर्ति समितिसंग समन्वय गरि काठ प्राप्ती, चिरानी र ढुवानी कार्यको ब्यबस्था मिलाउंछ । यस समितिले काठको डिपो स्थापना गर्न स्थानको छनौट, डिपो स्थापना र डिपोको संचालन तथा सुरक्षाको ब्यबस्था मिलाउनुको साथै उपलब्ध गराइएका काठको सहि रुपमा उपयोग भए नभएको सम्बन्धमा समेत अनुगमन गर्दछ ।

घर निर्माणको लागि काठ आबश्यक पर्ने भूकम्प पिडितहरुले निम्नानुसार कागजातहरु सहित सम्बन्धित जिल्लाको काठ ब्यबस्थापन समितिमा निबेदन दिनु पर्दछ । यस समितिको सदस्य सचिव जिल्ला बन कार्यालयको अधिकृत रहने भएकोले निबेदन समितिलाई सम्बोधन गरि जिल्ला बन कार्यालयमा दिन सकिने छ ।

१) नागरिकताको कपी
२) भूकम्प पिडित परिचय पत्रको कपी
३) राष्ट्रिय पुन निर्माण प्राधिकरणसंग भएको सम्भौताको कपी
४) जग्गा धनी प्रमाण पुर्जाको कपी
५) घर निर्माणको नक्सा र इजाजत पत्रको कपी

काठ प्राप्त गर्न सम्बन्धित जिल्लाको काठ ब्यबस्थापन समितिको सिफारिसमा वन बिभागले टिम्बर कर्पोरेसन अफ नेपाल मार्फत चिरान काठ उपलब्ध गराउन भुकम्प पिडितको बिवरण सहित कर्पोरेसनमा अनुरोध प्राप्त भएको हुनु पर्नेछ । साथै उल्लेखित समितिबाट सिफारिस नल्याएका भूकम्प पिडितहरुलाई काठ सदुपयोगको सुनिश्चितताको स्थलगत अनुगमन गरि मौज्दातको स्थीतीको आधारमा नियमानुसार काठ उपलब्ध गराउने सकिनेछ ।

द टिम्बर कर्पोरेसन अफ नेपाल लि.को बालकुमारी, ललितपुर स्थित डिपोबाट भूकम्प पिडितहरुको घर निर्माणको लागि सहुलियत दरमा चिरान काठ उपलब्ध गराउन शुरु गरिएको छ । एक घर परिवारको लागि ५० क्यू.फिट सम्म चिरान काठ सहुलियत दरमा उपलब्ध गराइन्छ ।

उपरोक्त अनुसार सिफारिस भई आएका भूकम्प पिडितहरुलाई कर्पोरेसनको बिक्री डिपो बालकुमारीले अग्रिम रुपमा निवेदकहरुलाई फोन सम्पर्क गरि चिरान काठ लिन आउने दिन, समय तथा अन्य आबश्यक जानकारी उपलब्ध गराउने छ । चिरान काठ बिक्री बितरण सम्बन्धमा थप जिज्ञासा भएमा कर्पोरेसनको केन्द्रीय कार्यालय वा डिपोमा सम्पर्क राख्न सकिनेछ ।

***सम्पर्कः द टिम्बर कर्पोरेसन अफ नेपाल केन्द्रिय कार्यालय फोन नं.४२३९८८५, बिक्री डिपो बालकुमारी, ललितपुर फोन नं.५१८६२९४***